(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र मिति अवश्य उल्लेख गर्नहोला)
फोन
४-७७१५१७

# लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा )

फ्याक्स : ९७७-४७७१४९०
पोष्ट बक्स नं. : ८९७९
ई-मेल : info@psc.gov.np
वेभ : www.psc.gov.np

पत्र संख्या: ०७०/७१
च.नं.

मिति : २०७१।१।१२

**सूचना न.६७५/०७०-७१**
**विज्ञापन रद्द गरिएको सूचना**

१. मिति २०७०।१२।२६ मा गोरखापत्र तथा आयोगको सूचनापत्रमा प्रकाशित मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीको **विज्ञापन नं. ७५९/०७०-७१ (खुला) माग संख्या १ र ७६०/०७०-७१** (आ.ज.) **माग संख्या १, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क, गणक पद** को विज्ञापन गरिएकोमा शाखा तथ्याङ्क कार्यालय, नुवाकोटको च.न. १६८/०७०-७१, मिति २०७१।१।४ को पत्रानुसार मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीको पत्र संख्या १३५९/०७०-७१ मिति २०७१।१।७ को पत्रबाट विज्ञापन रद्द गरिदिने भनी लेखी आएकोमा लोक सेवा आयोग ऐन, २०६६ को दफा २८ वमोजिम आयोगको मिति २०७१।१।१० को निर्णयानुसार उक्त **विज्ञापन तथा पदहरु रद्द गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त विज्ञापनमा फारम भरिसकेका उम्मेदवारहरुले दरखास्त फाराम बुझाएको कार्यालयमा प्रवेश-पत्र सहित सर्म्पक राखी तिरेको परीक्षा दस्तुर फिर्ता लिन सक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

२. मिति २०७०।१०।२९ मा गोरखापत्र तथा आयोगको सूचनापत्रमा प्रकाशित, कार्य क्षमता मूल्याङ्कन बढुवाको **बढुवा सूचना नं. ४१५/०७०-७१, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं प्रथम श्रेणी, ना.सु. पदसंख्या १ को कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने गरी बढुवा सूचना प्रकाशित गरिएकोमा** सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलको च.नं ६४७/०७०-७१ मिति २०७१।१२।१२ को पत्रानुसार माग भइ आएको कार्यालयबाट सो पद रिक्त नरहेको भनी लेखी आएको हुँदा आयोगको मिति २०७१।१।१० को निर्णयानुसार उक्त **बढुवा विज्ञापन तथा पद रद्द गरिएको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त विज्ञापनमा फारम भरिसकेका उम्मेदवारहरुले दरखास्त फाराम बुझाएको कार्यालयमा प्रवेश-पत्र सहित सर्म्पक राखी तिरेको परीक्षा दस्तुर फिर्ता लिन सक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।